# समाज कल्याण परिषद्

## परियोजना सम्झौता सम्बन्धी

## निर्देशिका

## २०७१

समाज सेवा भवन
लेखनाथ मार्ग, लैनचौर, काठमाण्डौ
फोन नं. ४४१८८४६, ४४१८१११
Email: info@swc.org.np
Website: www.swc.org.np, swcnepal.org.np

(परिषद् बोर्डबाट स्वीकृत मितिः २०७१।१२।२७)

¥ चौथो संशोधनबाट संशोधित २०७७

# समाज कल्याण परिषद्
## परियोजना सम्झौता सम्बन्धी निर्देशिका, २०७१
## (चौथो संशोधन-२०७७)

**<u>प्रस्तावना :</u>** यो परियोजना सम्झौता सम्बन्धी निर्देशिका समाज कल्याण ऐन २०४९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण नियमावली २०४९ मा आधारित रहेर परियोजना तर्जुमा गर्दा स्पष्ट विधि अवलम्वन गर्ने विषयका सम्बन्धमा स्पष्ट पार्न तथा परियोजनालाई यथार्थ, मापनयोग्य, परिणाममुखी, सहकार्यात्मक, समन्वयात्मक, सहभागितामूलक र सरकारी नीतिमा आधारित गराउन विश्लेषण गर्ने प्रयोजनार्थ तर्जुमा गरिएको छ । ¥

**१) सम्क्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम परियोजना सम्झौता सम्बन्धी निर्देशिका, २०७१ भनिने छ । ¥

(ख) यो निर्देशिका परिषदबाट स्विकृत भए पछि लागु हुनेछ ।

**२) परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :**

(क) ऐन भन्नाले समाज कल्याण ऐन २०४९ सम्झनु पर्दछ ।

(क) (१)नियमावली, भन्नाले समाज कल्याण नियमावली २०४९ लाई सम्झनु पर्छ । ®

(ख) समिति भन्नाले ऐनको दफा १० बमोजिम गठित कार्य संचालन समिति सम्झनु पर्दछ ।

(ग) सदस्य सचिव भन्नाले समाज कल्याण परिषदको सदस्य सचिव सम्झनु पर्दछ ।

(घ) अन्तराष्ट्रिय गैर सरकारी संस्था भन्नाले समाज कल्याण ऐन २०४९ को दफन १२ बमोजिम नेपालमा कार्य गर्न अनुमति प्राप्त वा अनुमति लिन चाहने संस्थालाई सम्झनु पर्दछ ।

(घ१) गैरसरकारी संस्था भन्नाले प्रचलित कानून अनुसार दर्ता भएका गैर राजनितीक ,गैर धार्मिक, मुनाफा रहित सामाजिक संस्थालाई सम्झनुपर्छ । ®

(ङ) कार्य अनुमती भन्नाले ऐनको दफा १२ बमोजिम नेपालमा काम गर्न अनुमति प्राप्त अन्तराष्ट्रिय गैर सरकारी संस्थाको कार्य अनुमति सम्झनु पर्दछ ।

(च) परियोजना सम्झौता भन्नाले ऐनको दफा १२(२) बमोजिम नेपालमा क मगर्न परिषद र अन्तराष्ट्रिय गैर सरकारी संस्था वा परिषद, अन्तराष्ट्रिय गैर सरकारी संस्था र गैर सरकारी संस्था वीच भएको कार्यक्रम सम्झौता सम्झनु पर्दछ ।



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

(छ) आवद्धता भन्नाले ऐनको ददफा १३ अन्तर्गत समाज कल्याण परिषदमा गैर सरकारी सामाजिक संस्थाको आवद्धता सम्झनु पर्दछ ।

(छ १) नविकरण भन्नाले प्रचलित कानून अनुसार दर्ता भएका गैरसरकारी सामाजिक संस्थाहरु परिषद्मा आवद्ध भई नविकरण गर्नुपर्ने विषयलाई सम्झनुपर्दछ । यस शब्दले अर्न्तराष्ट्रिय गैर सरकारी संस्था संगको साधारण संम्झौता नविकरण समेत लाई जनाउने छ । ®

(ज) सहयोग भन्नाले ऐनको दफा १६ बमोजिम प्राप्त हुने जुनसुकै सहयोगलाई सम्झनु पर्दछ ।

(झ) परिषद भन्नाले समाज कल्याण ऐन २०४९ बमोजिम गठित परिषद सम्झनु पर्दछ ।

(ञ) स्थानीय तह भन्नाले संविधान र प्रचलित कानून बमोजिम गठन भएका गाउँपालिका र नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ । ®

(ट) (चौथो संशोधनबाट खारेज)

(ठ) "त्रिपक्षीय परियोजना सम्झौता" भन्नाले परिषद्, अन्तराष्ट्रिय गैरसरकारी संस्था र साझेदार संस्था बीच भएको परियोजना संझौता लाई सम्झनुपर्दछ । ®

(ड) साधारण सम्झौता भन्नाले परिषद र अन्तराष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्था विच सम्पन्न निर्धारित ढाँचामा गरिएको साधारण सम्झौता सम्झनु पर्दछ ।

(ढ) कन्सोर्टियम परियोजना सम्झौता भन्नाले परिषद र दुई वा सो भन्दा बढी अन्तराष्ट्रिय गैर सरकारी संस्था बीच भएको परियोजना सम्झौता सम्झनु पर्दछ

(ण) परियोजना विश्लेषण उपसमिति भन्नाले समाज कल्याण ऐन २०४९ को दफा ११ बमोजिम अन्तराष्ट्रिय गैर सरकारी संस्थाद्धारा प्रस्तुत परियोजना सम्झौताको विश्लेषण तथा सिफारिस गर्न गठित उपसमितिलाई सम्झनु पर्दछ

**३)** **उदेश्यहरु :** निर्देशिकाको उदेश्यहरु देहाय वमोजिम हुनेछ :

(क) अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा गैरसरकारी सामाजिक संस्थाहरुलाई परियोजना सम्झौता तयार गर्दा मार्गदर्शन(Guideline) दिने,

(ख) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र गैर सरकारी सामाजिक संस्थाहरुद्वारा संचालित परियोजना अन्तरगतका चरणहरुलाई (Phases) समन्वयात्मक, नीतिगत तादाम्यता, सहभागितामूलक, मर्यादित, व्यवस्थित, पारदर्शी र जवाफदेही वनाउने ।

(ग) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाबाट संचालन हुने कार्यक्रमलाई राष्ट्रिय प्राथमिकताको क्षेत्र तर्फ निर्दिष्ट गर्ने ।



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

घ) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाको योगदान र श्रोतलाई लक्षित बर्ग, तह र क्षेत्र सम्म पु-याउने ।

**ङ)** अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाको परियोजनालाई अनुगमन तथा मूल्यांकन गर्न सहज पार्ने ।

च) परियोजना संझौताको निर्णय विधि तथा प्रकियाको निर्धारण गर्ने ।

छ) परियोजनाको कार्यान्वयन, समापन तथा हस्तान्तरण (phase out) प्रक्रियाको निर्धारण गर्ने ।

(४) **परियोजना तर्जुमा प्रकिया** : अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाले परियोजना तयार गर्दा निम्न वमोजिमको प्रकिया अवलम्वन गर्नु पर्दछ ।

(क) सरोकारवाला सँग परामर्शः आवश्यकता पहिचान प्रतिवेदन तथा वेस लाइन सर्भे गर्दा प्रस्तावित लाभान्वित वर्ग, सरोकार निकाय, **स्थानीय तह**, **प्रदेश र संघ** स्तरीय सरकारी निकायहरुसंग परामर्श/छलफल गरी तयार गर्ने र सोको आधारमा परियोजना सम्झौता तयार गनुपर्ने । ¥

(ख) प्राथमिकताः राष्ट्रिय नीति, **आवधिक योजना** तथा नेपाल सरकारका **संघ, प्रदेश र स्थानीय तह तथा** परिषद् संगको परामर्श समेतका आधारमा गा.पा./नगरपालिका, जिल्ला, लाभान्वीत वर्ग, विकासको क्षेत्र (Sector of Development) को छनौट गर्नुपर्ने छ । ¥

(ग) राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार हिमाल, पहाड र तराईमा समानुपातिक आधारमा विकास कार्यक्रम तयार पार्नु पर्ने ।

(घ) अनुसूची १ वमोजिमको ढाँचामा पूर्व सहमति पत्रमा स्थानीय तह ( नगर/गाउँ पालिका) संग हस्ताक्षर गरी परियोजना संझौताको मस्यौदा परिषदमा पेश गर्नुपर्ने । ¥

(ङ) प्रत्येक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले परिषदसंग सम्झौता गरिसकेपछि स्थानीय तहको वार्षिक तथा आवधिक योजनामा आफ्नो परियोजना समावेश गराउने । ¥



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

(५) **परियोजना सम्झौता:** प्रत्येक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले अनुसूची २ वमोजिमको परियोजना सम्झौता प्रस्ताव परिषद कार्यालय समक्ष पेश गर्ने र नियमानुसारको प्रक्रिया पूरा गरी स्वीकृत गराई हस्ताक्षर गरिसकेपछि मात्र कार्यान्वयनमा जाने ।

(६) प्रत्येक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले साधारण सम्झौताको परिधि भित्र रहेर परियोजना सम्झौता पेश गर्ने । परियोजना सम्झौतामा एक मात्र साझेदारी संस्था भएमा परिषद, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र गैर सरकारी सामाजिक संस्था बीच त्रिपक्षिय परियोजना सम्झौता हुनेछ । बहुसाझेदारी संस्था भएमा परिषद र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था बीच मात्र परियोजना सम्झौता हुनेछ । बहुसाझेदार संस्था राखी परियोजना कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र साझेदार संस्थाबिच छुट्टाछुट्टै परियोजना सम्झौता गर्नुपर्नेछ र सो को जानकारी परिषद्लाई गराउनुपर्नेछ । ¥

(७) **साझेदारी संस्था (Counterpart) छनौटको आधार :**

७.१. प्रत्येक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपाली साझेदारी संस्थालाई छनौट गर्दा निम्न वमोजिमका प्रक्रिया अवलम्वन गर्ने :

(क) साझेदार संस्था छनौट गर्दा सम्बन्धित प्रदेशका गैरसरकारी संस्था संग Expression of Interest माग गरी पारदर्शिता हुने गरी संस्था छनौट गर्ने ¥ । यसरी संस्था छनौट गर्ने कार्यमा परिषद् लाई अनिवार्य सहभागी गराउने । € कुनै कारणबस Expression of Interest गर्न नसकेमा परिषद् संग समन्वय गरी स्थानिय गैर सरकारी संस्थाको छनौट गर्ने ।

(ख) सम्वन्धित स्थानीय तहको परामर्श र परिषदद्धारा निर्धारित मापदण्डका आधारमा गैर सरकारी सामाजिक संस्थाको छनौट गर्ने । ¥

(ग) परियोजना कार्यान्वयन हुने जिल्लामा दर्ता भएका गैरसरकारी सामाजिक संस्थालाई प्राथमिकता दिने ।

तर विशेष किसिमको प्राविधिक तथा अनुसन्धानका क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संस्था सम्वन्धित जिल्लामा नभएको भन्ने पुष्ट्याई सहित आएको अवस्थामा जिल्ला वाहिरका गैरसरकारी संस्थालाई सहयोगि संस्थाको रुपमा अनुमति दिन सकिने छ । तर, स्थापित जिल्ला भन्दा वाहिरी जिल्लामा कार्यक्रम सञ्चालन गर्ने भएमा त्यस्तो जिल्लाको स्थानीय संस्थालाई अनिवार्य सहयोगी (ससझेदार) संस्थाका रुपमा राख्नु पर्ने । तर परियोजना स्थल



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

हुने जिल्लाका गैर सरकारी संस्थाहरु योग्य नभएमा छिमेकी जिल्लाका नेपाली गैरसरकारी सामाजिक संस्थाहरुको छनौट गर्ने, छिमेकी जिल्लाहरुमा पनि नभए प्रदेश स्तरका संस्थाहरुको छनौट गर्ने । यस्तो अवस्थामा कम्तिमा दुई वर्षको अनुभव भएका संस्थाहरुको छनौट गर्नु पर्ने छ । ¥

घ) उप नियम ७.१ (क) र उप नियम ७.१ (ग) बमोजिक छनौट भएका साझेदार संस्थाका सम्वन्धमा कुनै सरकारी निकाय वा परिषद् कार्यालयमा कुनै आर्थिक वा व्यवस्थापकिय अनियकितताका सम्वन्धमा उजुरी वा मुद्धा भएको लिखित निस्सा प्रमाण परिषद् कार्यालयमा प्राप्त भए त्यस उजुरीमा सफाई भएको निस्सा सहित चित्त बुझ्दो पुष्टाई सम्वन्धित पक्षबाट प्राप्त हुनुपर्नेछ । €

७.२ प्रत्येक वर्ष नियमित रुपमा लेखापरीक्षण भएको प्रतिवेदनमा बैदेशिक सहयोग प्राप्त गरेको भए, समाज कल्याण परिषद्वाट स्वीकृति भएको कागजात पेश गर्नु पर्ने छ । ©

(क) मुनाफा नकमाउने, गैर राजनैतिक र सामाजिक संस्थाको रुपमा प्रचलित कानुन वमोजिम दर्ता भएको संस्था ।

(ख) प्रत्येक वर्ष नियमित रुपमा नविकरण भएको ।

(ग) समाज कल्याण परिषदमा आवद्ध भै नियमित प्रगति प्रतिवेदन वुझाएको ।

(घ) प्रत्येक वर्ष नियमित रुपमा लेखा परीक्षण गराई प्रतिवेदन सम्बन्धित निकायमा नियमित रुपमा पेश गरेको ।

(ङ) स्थाई लेखा नंम्बर प्राप्त गरेको

(च) दुई वर्षको पुरा कार्य अनुभव भएको ।

(छ) अन्य कानुनी तथा नीतिगत व्यवस्थाको पालना गरेको ।

(ञ) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा राष्ट्रिय गैरसरकारी सामाजिक संस्थाको बैंक खाता परिषद् कार्यालयको सिफारिसमा कुनै वाणिज्य बैंकमा खोल्नु पर्नेछ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको बैंक खाता देशिय प्रतिनिधि र एक नेपाली कर्मचारी सहित दुई जनाको संयुक्त हस्ताक्षरवाट सञ्चालन गर्नु पर्नेछ । ©



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

(८) परियोजनाको कार्य प्रकृति तथा क्षेत्रका आधारमा प्रत्येक अन्तर्राष्ट्रिय गैरसरकारी सस्थाले सरकारी वा गैर सरकारी संस्थाको साझेदारीतामा मात्र कार्यक्रम कार्यान्वयन गर्नु पर्ने छ।

(९) अन्तर्राष्ट्रिय गैरसरकारी सस्थाले परियोजना तयार गर्दा सरकारी नीति कार्यान्वय खाका, सरोकारवालाको विश्लेषण, उद्धेश्यमूलक बृक्ष, €(Objective Tree) र रणनीतिका सम्बन्धमा तार्किक संबन्ध देखाउदै समस्या संवोधनको प्रष्ट खाका परियोजना संझौताको पृष्ठभूमिमा देखाउनु पर्ने छ। ¥

(१०) अनुसूची ३ मा संलग्न गरिए वमोजिमको ढाँचामा परियोजनाको लगफ्रेम प्रत्येक अन्तर्राष्ट्रिय गैरसरकारी सस्थाले पेश गर्नु पर्नेछ।

११) प्रत्येक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले परियोजना संझौतामा प्रभाव (Impact), असर (Outcomes) प्रतिफल (Outputs), क्रियाकलाप (Activities) र श्रोतसाधन (Inputs) वीच तार्किक सह-योजन देखाउनु पर्ने छ।

१२) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजना तयार गर्दा जोडिएको भौगोलिक क्षेत्रमा (Cluster) आधारित रहेर गर्नु पर्नेछ। सम्बन्धित मन्त्रालयको सिफारिस र मनासिब कारण बाहेक छरिएको जिल्लाहरुमा परियोजना संचालन गर्न निरुत्साहित गरिएको छ। जिल्ला छनौटको औचित्यत उल्लेख भएको हुनु पर्नेछ तर परिषद् कार्यालयलाई औचित्यता चित्त बुझ्दो नलागे त्यस्ता जिल्लाको बदला अन्य जिल्ला छनौट गर्नु पर्नेछ। €

१३) अस्पताल, विद्यालय, वालगृह जस्ता संवेदनशील विषयमा कार्यक्रम संचालन गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले सम्बन्धित निकायको पूर्व स्वीकृति पत्र प्राप्त गरेको हुन पर्ने र सोको प्रति परिषद कार्यलयमा पेश गरेको हुनु पर्ने छ।

१४) परियोजना संझौतामा वस्तु तथा सेवा खरिद सम्बन्धी कार्य विधि प्रष्टसँग उल्लेख गर्नु पर्ने।

१५) परियोजनाका कर्मचारीहरुको छनौट गर्दा सार्वजनिक सूचना प्रकासित गरी प्रतिस्पर्धा गराई योग्यताका आधारमा गर्ने।

१६) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाले स्थानीय निकायहरु सँग परियोजना कार्यान्वयनका सम्बन्धमा परामर्श तथा छलफल गर्ने र वार्षिक कार्ययोजना पेश गर्नु पर्ने र कार्यान्वयनमा जानु पर्ने छ। यस्तो प्रावधान परियोजना संझौतामा समावेश भएको हुनु पर्ने छ।



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

१७)	परियोजना संभ्फौतामा पहिलो ६ महिनाको प्रारम्भिक प्रतिवेदन (Inception Report) परिषदमा पेश गर्ने प्रावधान उल्लेख गर्ने । समाज कल्याण परिषद, सम्बन्धित मन्त्रालय/विभाग, स्थानीय तह र सम्बन्धित निकायमा वार्षिक प्रगती प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन वार्षिक रुपमा पेश गर्ने प्रावधान परियोजना संभ्फौतामा उल्लेख भएको हुनु पर्ने छ । परियोजनामा बजेटको रकम परिषद् तथा अर्थ मन्त्रालयमा रहेको विद्युतीय सर्भर (AMIS) मा डाटा प्रविष्ट गरी सो को प्रमाण पेश गर्नुपर्नेछ । ¥

१८)	अन्तर्राष्ट्रिय गैर सरकारी संस्था ले परियोजना सम्भ्फौता सहित साभ्फेदार गैरसरकारी संस्थाको कागजातहरु, साधारण संभ्फौताको प्रति, अघिल्लो परियोजनाको मूल्याङ्कन प्रतिवेदन (नबिकरण गर्नेको हकमा), कर चुक्ता प्रमाण पत्रको प्रति, आवद्धता प्रमाण पत्रको प्रति, लेखापरिक्षण प्रतिवेदनको प्रति वार्षिक प्रगति प्रतिवेदनको प्रति र दाता संस्थाको आर्थिक प्रतिवद्धता पत्र परियोजना संभ्फौतामा साथै पेश गर्नु पर्नेछ । ¥

१९)	परियोजना सम्भ्फौतामा वर्षको १ (एक) पटक परियोजनाको समिक्षा गर्न केन्द्र स्तरीय, जिल्ला स्तरीय र स्थानिय तह स्तरीय परियोजना सल्लाहकार समिति बैठक गर्ने प्रावधान हुनु पर्ने छ । केन्द्रिय परियोजना सल्लाहकार समितिमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सहजिकरण समितिमा प्रतिनिधित्व गर्ने सवै मन्त्रालयहरु, राष्ट्रिय योजना आयोग, परिषद र अन्तर्राष्ट्रिय गैससका प्रतिनिधि रहने प्रावधान परियोजना संभ्फौतामा उल्लेख भएको हुनु पर्ने । त्यस्तो समितिको अध्यक्षता परिषदको सदस्य-सचिव र सह अध्यक्षता अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको देशीय प्रतिनिधिले गर्ने प्रावधान हुनु पर्ने छ । ¥

१९ (क): जिल्लाका एक भन्दा बढी स्थानीय तहमा परियोजना संचालन भएमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा परियोजना संचालन भएको स्थानीय तहका प्रमुख रहने गरी र सम्बन्धीत सरकारी संस्था, साभ्फेदारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिहरुले प्रतिनिधित्व गर्ने प्रावधान उल्लेख गरी जिल्ला स्तरीय परियोजना सल्लाहकार समितिको व्यवस्था गर्नु पर्ने छ । ¥

१९(ख) जिल्लामा रहेका एक मात्र स्थानीय तह परियोजना संचालन रहेमा प्रत्येक स्थानीय तहमा स्थानीय तहको प्रमुखको अध्यक्षतामा, उप प्रमुख, सम्बन्धित वडाको अध्यक्ष, सम्बन्धीत कर्मचारी, साभ्फेदारी संस्थाका प्रतिनिधिहरुले प्रतिनिधित्व गर्ने प्रावधान उल्लेख गरी स्तरीय तह परियोजना सल्लाहकार समितिको व्यवस्था गर्नु पर्ने छ । केन्द्र, जिल्ला र स्थानिय तह परियोजना सल्लाहकार समितिको बैठक प्रत्येक वर्षको १ पटक संचालन गर्नुपर्ने । विषेश परिस्थितिमा समितिको बैठक विद्युतिय माध्यामबाट पनि गर्न सकिनेछ ।



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

२०) परियोजना संझौतामा परिषद्, स्थानीय तह, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (दाता) र साझेदारी संस्थाले गर्ने अनुगमन मूल्यांकन कार्ययोजना समावेश गर्ने । परियोजना संझौतामा मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन परिषद्वाट साधारण संझौताको दफा ३ (ए) वमोजिम हुने प्रावधान उल्लेख गर्ने । तर परियोजनाको अवधी ३ वर्ष भन्दा कम भएमा मध्यावधि मूल्याङ्कनको व्यवस्था वाध्यात्मक नहुने । परियोजना सम्झौता एक बर्ष भन्दा कम अबधिका लागि नहुने । तर विपद् वा आपतकालिन अवस्थामा सो सम्बन्धि परियोजनाको हकमा परिषद्ले सूचना जारी गरि परियोजना संचालन गर्न अनुरोध गरेमा ६ महिना सम्मको परियोजनालाई स्वीकृतिको प्रकृया अगाडी बढाउन सकिने छ । ¥

२१) **आर्थिक पक्ष**: परियोजना सम्झौता पेश गर्दा वजेट शीर्षकमा निम्न विषयहरुलाई अनिवार्य रुपमा समाबेश गर्नु पर्नेछ :

(क) प्रशासनिक खर्च २०% भन्दा बढी हुनु हुँदैन । अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले परियोजनाको सहयोगार्थ क्षेत्रिय वा जिल्ला स्तरमा कार्यालय स्थापना गर्न आवश्कताक पर्ने भए सो कारण सहितको पुष्टाई परियोजना सम्झौतामा नै उल्लेख गरेर मात्र खोल्न पाइने । €

(ख) अनुसूची ४ वमोजिमको ढाँचामा परियोजनाको संक्षिप्त वजेट पेश गर्नु पर्नेछ ।

(ग) प्रशासनिक र परियोजनागत खर्चको विस्तृत एकाई (Breakdown in Unit) बजेटमा देखाउनु पर्नेछ ।

(घ) परियोजनाका कर्मचारीको तलव तथा सुविधा पद अनुसार वजेटमा उल्लेख गर्नु पर्नेछ ।

(ङ) विदेशी विशेषज्ञको तलव सुविधा परियोजना संझौतामा समावेश गर्न पाइने छैन ।

(च) आर्थिक कारोवार नेपाल सरकार तथा परिषदले समय समयमा जारि गरेको नीति निर्देशन वमोजिम हुने विषयमा सुनिश्चित गर्ने । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाको आर्थिक तथा कर्मचारी प्रशासन सम्झौतालिखित नियमावली हुनु पर्ने ।

(छ) परियोजनाले निर्माण तथा मर्मत संभार गर्ने भए निर्माण सामग्री तथा श्रम सम्झौतादर रेट नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड भन्दा बढी हुनु हुदैन र भवन निर्माण संग सम्बन्धित परियोजनामा अनिवार्य रुपमा जग्गाधनी प्रमाण पुर्जा वा भोगाधिकार पत्र, भवन निर्माण अनुमति पत्र र भवन नक्साको प्रति पेश गर्नु पर्नेछ ।



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

(ज) वजेटमा सफ्टवेयर र हार्डवेयर खर्च संतुलित हुनु पर्नेछ ।

(झ) समाज कल्याण परिषदवाट हुने मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कनको खर्च र केन्द्रीय तथा जिल्ला स्तरीय सल्हाकार समितिको खर्च परियोजना सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

(ञ) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाको वैंक खाता परिषदको सिफरिसमा कुनै वाणिज्य बैंकमा खोल्नु पर्ने छ ।

ट) बहु साझेदारी सस्था र बहुजिल्ला परियोजनामा समाबेस भएमा जिल्लै पिच्छे र साझेदारी संस्थै पिच्छे बजेट देखाउनु पर्नेछ ।

ठ) परिषद् र परियोजना संबद्ध निकायहरुले गर्दा लाग्ने अनुगमन मूल्यांकन खर्च भिन्दा भिन्दै रुपमा उल्लेख गर्नु पर्नेछ ।

(ञ) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा राष्ट्रिय गैरसरकारी सामाजिक संस्थाको बैंक खाता परिषद् कार्यालयको सिफारिसमा कुनै वाणिज्य बैंकमा खोल्नु पर्नेछ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको बैंक खाता देशिय प्रतिनिधि र एक नेपाली कर्मचारी सहित दुई जनाको संयुक्त हस्ताक्षरवाट सञ्चालन गर्नु पर्नेछ । ©

२२) भवन निर्माण सम्बन्धी परियोजना संचालन गर्दा परियोजना संझौतामा सम्बन्धित निकायको इजाजत पत्र र स्वीकृत नक्साको प्रति पेश गर्नु पर्ने छ ।

२३) परियोजना संझौतामा केन्द्र देखि स्थानीय निकाय संगको निर्धारित समन्वय प्रणाली समेट्नुपर्ने छ । यसमा परियोजनाका सवै चरणमा को संग के कामका लागि कसरी समन्वय गर्ने भन्ने सम्बन्धमा स्पष्ट हुनु पर्ने छ । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाले स्थानीय निकायको आबधिक तथा बार्षिक कार्यक्रमा परिषदबाट स्वीकृत परियोजना समावेश गर्नु पर्नेछ । परिषद, स्थानीय निकाय लगायत अन्य निकाय समक्ष नियमितरुपमा लेखापरीक्षण तथा प्रगति प्रतिबेदन पेश गर्ने प्राबधान राख्ने ।

२४) परियोजना संझौतामा आर्थिक तथा परियोजनागत बिबरणको सार्वजनिक लेखापरीक्षण/ सुनुवाइ (Public Audit/Hearing) कार्यक्रम मार्फत प्रत्येक परियोजना स्थलमा परियोजना आरम्भ हुनु भन्दा पूर्व र परियोजना समाप्त भएपछि सार्वजनिक/ सामाजिक लेखा परिक्षण/सुनुवाइ गर्ने प्रष्ट प्रावधान हुनुपर्ने छ । त्यसै गरी अनुसूची ५ वमोजिमको आर्थिक तथा परियोजना विवरणको सूचना



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

स्थानीय तहको (जि.स.स., नगरपालीका/ गाउपालिका) सूचना पाटीमा र कम्तीमा २ वटा स्थानिय पत्रपत्रिकामा बर्ष बर्षमा दिने प्रावधान राख्ने । €

२५) परियोजना सम्झौता स्वीकृति सम्बन्धी प्रकृया निम्न वमोजिम निर्धारण गरिएको छ :

(क) तोकिएका कागजातहरु सहित निर्धारित ढाँचामा आएको परियोजना सम्झौता प्रस्ताव सम्बन्धित शाखा हेर्ने कर्मचारी वा बिभागीय प्रमुखको आदेशमा दर्ता गर्ने/रीत नपुगी आएको प्रस्ताव दरपीट गरी फिर्ता गर्ने ।

(ख) न्यूनतम रीत पुगी आएको परियोजना सम्झौता प्रस्ताव कारबाहीका लागि अगाडि बढाउने ।

(ग) आवश्यक भएमा चेन अफ कमाण्डमा रहेका सवै सँग छलफल गरी १५ दिन भित्र सम्बन्धीत कर्मचारीले अध्ययन विश्लेषण गरी प्रारम्भिक निचोड निकाली सोको सूचना अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई दिने र सो संस्थाले वढीमा १५ दिन भित्र सुझाव अनुसार परिमार्जित प्रति परिषदमा पेश गर्ने । परिमार्जित प्रति उपर पुनः संशोधन हुनु पर्ने देखिएमा पुनः सुझाब दिएको ७ दिन भित्र अन्तिम परिमार्जित प्रति पेश गर्नु पर्ने छ।

(घ) वमोजिम पेश हुन आएको परियोजना सम्झौता निर्णय प्रकृयाकालागि विभागीय रायसाथ योजाना तथा कार्यक्रम उप समितिमा पेश गर्ने । कुनै कारणवस उप समिति नरहेको वा उपसमितिको बैठक वस्न नसक्ने भएमा विभागले सदस्य सचिवमा पेश गर्न वाधा पर्ने छैन । ©

(ङ) परियोजना बिश्लेषण उपसमिति बाट सिफारिस भएको आधारमा सदस्य सचिव स्तरीय निर्णय बाट सम्बन्धित मन्त्रालय समक्ष नेपाल सरकारका सम्बन्धित निकायको राय सहमतिका लागि पठाउने ।

(च) नेपाल सरकारका सम्बन्धित निकायको राय सहमतिलाई संवोधन गरी परियोजना सम्झौता हस्ताक्षरको प्रकृया अगाडि बढाउने ।

(छ) परियोजना सम्झौता सम्बन्धी अन्तिम निर्णय सदस्य सचिवले दिने छन् ।

(ज) समितिले निर्णय गरे अनुसार परियोजना विश्लेषण उपसमितिमा परिषदका पदाधिकारी तथा सदस्यहरु र सम्बन्धित कर्मचारीहरु मध्ये वाट बढीमा ५ सदस्य रहने छन् ।



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

(झ) उपसमितिले कुनै प्राविधिक विषयको परियोजना विश्लेषणका लागि सदस्य सचिव समक्ष विषय विशेषज्ञको परामर्श सेवा खरिदका लागि सिफारिस गर्न सक्ने छ र त्यस्तो परामर्श दाताको पारिश्रमिक सहितको कार्यादेश सदस्य सचिवले तोके वमोजिम हुने छ ।

(ट) परियोजना विश्लेषण उपसमितिको कार्यादेश कार्य समितिले तोके वमोजिम हुनेछ ।

२६ परियोजना संझौतामा दिगोपनको सुचकाङ्क सहितको परियोजना फेजआउट योजना उल्लेख भएको हुनु पर्ने छ ।

२७. साधारण सम्झौता वमोजिम एक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको लागि एक देशीय प्रतिनिधि उपलब्ध हुनेछ । परियोजनाको प्रकृति र उद्देश्य अनुसार थप विदेशी विशेषज्ञको प्रस्ताव गर्न चाहेमा नेपालीहरुमा त्यस्तो विशेषज्ञ सेवा उपलब्ध छैन भन्ने प्रमाण पेश गरेमा मात्र आवश्यक संख्यामा विदेशी विशेषज्ञ परियोजना संझौतामा थप गर्न सकिने छ । यस्तो थप विदेशी विशेषज्ञको कार्यादेश अनुसूचीमा समावेश गरिनु पर्ने छ । बिदेशी बिशेषज्ञको ब्याक्तिगत विवरण पेश गर्न पर्नेछ । परिषद कार्यालयले छोटो अबधिका लागि स्वदेशी तथा बिदेशी नागरिकहरु लाई इन्टर्न तथा स्वयंसेबकको रुपमा स्वीकृत गर्न सक्नेछ ।

२८. **देशीय प्रतिनिधि र बिदेशी बिशेषज्ञको योग्यता:** देशीय प्रतिनिधि तथा बिदेशी बिशेषज्ञको न्यूनतम योग्यता देहाय वमोजिम हुनुपर्ने छ ।

(क) देशीय प्रतिनिधिको हकमा स्नातक तह र बिदेशी बिशेषज्ञको हकमा सम्बन्धित विषयमा कम्तीमा स्नाकोत्तर तह उत्तिर्ण गरेको ।

(ख) कम्तिमा ५ वर्षको अन्तर्राष्ट्रिय स्तरमा परियोजना संचालन सम्बन्धी अनुभव भएको ।

(ग) नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक र भौगोलिक विषयमा ज्ञान भएको ।

(घ) अन्तराष्ट्रिय स्तरको विकास नीति, योजना र कार्यक्रमका सम्बन्धमा ज्ञान भएको ।

(ङ) कुनै पनि कानुनले दोषी करार नभएको हुनु पर्ने । ©

२९) **लैंगिक मैत्री बजेट र कार्यक्रम** : सवै अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको वजेट तथा कार्यक्रम लैंगिक मैत्री र समानतामा आधारित हुनुपर्ने छ ।



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

३०) **हार्डवयर र सफ्टवेयर कार्यक्रम :** परियोजना संझौतामा हार्डवयर र सफ्टवेयर कार्यक्रमको संतुलन हुनु पर्नेछ तर नेपाल सरकारको सम्बन्धित निकायको सहमति र सिफारिस भएको परियोजनाको हकमा यो नीति लागु हुने छैन ।

३१) **दोहोरोपन हटाउने** : अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाले परियोजनाको दोहोरोपन हटाउने प्रष्ट कार्ययोजना पेश गर्नु पर्ने छ ।

३२) **स्वीकृत परियोजना संशोधन हुन सक्ने** : परिषद संग सम्झौता भएको परियोजना सम्झौता अनुसूची ६ मा संलग्न भएको संशोधन प्रस्ताव ढाँचामा निम्न लिखित शर्तको अधिनमा रही संसोधन प्रस्ताव पेश गर्न सकिने छ ।

(क) सोही परियोजनाको स्थानीय तह तथा जिल्ला थप भएको भए सम्बन्धित स्थानीय तहको पूर्व सहमती पत्र आवश्यक हुने । ¥

(ख) साझेदारी गैर सरकारी संस्था थप गर्नु पर्ने भएमा प्रकरण नं.७ मा उल्लेख भए वमोजिमको छनौटका आधार पूरा भएको हुनुपर्ने ।

(ग) मुल सम्झौता भएको कुल बजेटको २० प्रतिशत भन्दा वढि संसोधन गर्न पाईने छैन । यसरी संसोधन गरिएको अधिकतम् रकम दश करोड भन्दा वढि हुनेछैन । ¥

(घ) चालु परियोजनाको बाँकी समयावधि ६ महिना भन्दा बढी भएको हुनुपर्ने ।

(ङ) ३ वर्ष भन्दा कम अवधिको परियोजना संझौताको अवधिमा एकपटक मात्र परियोजना संशोधन गर्न सकिनेछ भने ३ वर्ष भन्दा बढी अवधिको परियोजनाको हकमा २ पटक पयिोजना संशोधन गर्न सकिनेछ । तर नो कष्ट एक्टेनसनको हकमा थप १ पटक परियोजना संझौता संशोधन गर्न सकिने छ ।

नियम ३२ (ड.) मा जुनसुकै ब्यवस्था उल्लेख भएपनी विपद् ब्यवस्थापनको लागी संचालन हुने परियोजना संझौता थप २ पटक सम्म संशोधन गर्न सकिने छ । परियोजना संझौता संशोधन परिषद बाट हुनेछ । तर विदेशी विज्ञ रहने गरी परियोजना संझौता संशोधन गर्नु पर्ने भएमा समाज कल्याण परिषद हेर्ने मन्त्रालयको सहमती लीनु पर्ने छ । ¥

३३) एक साधरण सम्झौता मातहातमा धेरै परियोजना सम्झौता गर्न सकिने छ । साधारण संझौताको अवधीमा सामान्यतया कार्यक्रम संझौताको अवधी मेल खानु पर्ने छ । तर बहु परियोजना सम्झौता



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

गर्नेहरुको हकमा साधारण सम्झौता समाप्त भै नविकरण नभएमा परियोजनाको अवधी पनि सो मिति वाटै समाप्त भएको मानिने प्रतिवन्धात्मक वाक्यांस परियोजना संझौताको ढाँचाको प्रकरण नं.१३ मा उल्लेख भएको हुनुपर्ने छ ।

३४) **कन्सोर्टियम परियोजना सम्झौता हुन सक्नेः** दुई वा सो भन्दा वढी अन्तर्राष्ट्रिय गैससहरुले निम्न शर्तका अधिनमा रही संयुक्त रुपमा परियोजना संझौतामा हस्ताक्षर गर्ने गरी प्रस्ताव पेश गर्न सक्नेछन् :

(क) अनुदान सहयोग दिने दाताको शर्त कन्सोर्टियममा आधारित भएको हुनुपर्ने छ ।

(ख) संयुक्त परियोजना प्रस्तावका विषय (Component) का उद्देश्य, प्रभाव, असर र उपलब्धि एक अर्काको लागि परिपूरक भएको हुनुपर्ने छ ।

(ग) प्रत्येक कन्सोर्टियम पाटनरको कार्यक्षेत्र विषय विज्ञताको आधारमा किटान भएको हुनुपर्ने छ ।

(घ) कन्सोर्टियम पाटनरस् र दाता वीच भएको समझदारी पत्र (MOU) पेश भएको हुनुपर्ने छ ।

(ङ) प्रत्येक कन्सोर्टियम पार्टनरस्को लागि वजेट र क्रियाकलाप स्पष्ट किटानी भएको हुनुपर्ने छ ।

(च) कन्सोर्टियम पार्टनरस्ले साधरण संझौतामा प्रतिवद्धता गरेको न्यूनतम रकम पूरा गरेको हुनुपर्ने छ ।

(छ) संयुक्त परियोजना संझौताको अनुगमन मूल्याङ्कनको टोली र सल्लाहकार समितिको गठन आबश्यकताका आधारमा एउटै हुनु पर्ने ।

३५) परियोजना संझौताको अबधि थप बजेट रकम बिना वा थप बजेट रकम सहित आवश्कता र औचित्यताका आधारमा बढिमा छ महिना थप हुन सक्ने छ ।

(क) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजना सम्झौता प्रस्ताव वजेटको आकार (Volume) अनुरुप विषयगत क्षेत्र निर्धारण गर्नु पर्ने छ । ©

(ख) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सम्झौताका लागि पेश गर्ने कार्यक्रमका कार्यक्षेत्रको सम्वन्धमा (Area Coverage) जिल्ला तोक्दा दोहोरो नपर्ने गरि धेरै गाविस समेट्ने गरि



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

कार्यक्रम संचालन गर्नु पर्ने छ । अर्को जिल्लामा कार्य गर्दा क्रमसः जोडिएको जिल्लालाई प्राथमिकता दिनुपर्ने छ । © (प्रथम संशोधनबाट संशोधित २०७३)

(ग) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पेश गर्ने कार्यक्रम संम्फौतामा विदेशी विषेशज्ञको आवश्यकता भएमा यस्तो जनशक्ति संख्या र आवश्यकता, औचित्यता तथा परियोजनाको कुल वजेटको आकारका आधारमा व्यवस्था गर्नु पर्नेछ । तर यस्तो विशेषज्ञ जनशक्ति नेपालमा उपलव्धता नभएकोहुन पर्नेछ । ©

(घ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परिषद् कार्यालयमा आवश्यक कागजत अभिलेखहरु पेश गर्दा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । ©

(ङ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले परिषद् कार्यालयसंग परियोजना सम्फौता, नविकरण, अनुगमन तथा मूल्याँकन, सुपरिवेक्षण गर्दा अनुसूचि ७ वमोजिमको सेवा शूल्क परिषद्कार्यालयलाई भुक्तानी गर्नु पर्नेछ । तर, यस पूर्व भएका परियोजना सम्फौताहरुको हकमा यो व्यवस्था लागु हुने छैन । यसरी प्राप्त रकम हुने रकम परिषद् कार्यालयले स्थापना गरेको साझा कोषमा जम्मा गरिनेछ । सो कोषको रकमवाट परिषद्को संस्थागत सुदृढिकरण , कार्यक्रम तथा तोकिएको क्षेत्रमा कार्यविधि वनाई खचयक्तिको दस्तखत भएको हुनु पर्नेछ । गरिने छ । ©

(च) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजना सम्फौता गर्दा सम्वन्धित जिल्लाकालागि छुट्याएको वजेट सोहि जिल्लाका कार्यक्रममा परिचालन वा खर्च गर्नु पर्नेछ । ©

(छ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परिषद् कार्यालयमा प्रवेशाज्ञा, भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर छुट, परियोजना नविकरण, परियोजना संसोधन, साधारण सम्फौता, नविकरण वा अन्य सिफारिसका लागि कागजात पेश गर्दा केन्द्रिय परियोजना सल्लाहकार समितिको वैठकको सवै भन्दा पछिल्लो वैठकको प्रतिलिपि पेश गर्नु पर्नेछ । ©

(ज) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा संचालन हुने कार्यक्रमको सम्फौता पत्रमा परिषद्कार्यालयसंग हस्ताक्षर भए पछि मात्र सहयोगी संस्थालाई परियोजनासंग सम्वन्धित वजेट निकाशा गर्न सकिनेछ । ©



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७

३६. **निर्देशिकाको व्याख्या र संशोधनः** यो निर्देशिकाको कार्यन्वयनमा कुनै समस्या आएमा यसको अन्तिम व्याख्या समितिले गरे वमोजिम हुनेछ । समितिले यो निर्देशिकाको आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

३७. **वाधा अड्काउ फुकाउने**: यस निर्देशिकाको कुनै प्रावधान स्पष्ट नभएको वा अपूर्ण भएको कारणले संवन्धित काम कारवाहीमा बाधा अड्काउ भएमा त्यस्तो बाधा अड्काउ हटाउन सक्ने अधिकार समितिमा निहित रहनेछ ।

३८. **निर्देशिकाको पालना**: यो निर्देशिकाको पालना अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गैर सरकारी सामाजिक संस्थाले गर्नु पर्नेछ ।

३९) **अमान्य हुने**: यो निर्देशिका समाज कल्याण ऐन २०४९ तथा समाज कल्याण नियमावली २०४९ संग वाझिएमा वाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।



© प्रथम संशोधनबाट संशोधित २०७३

€ दोस्रो संशोधनबाट २०७३

® चौथो संशोधनबाट थप

¥ चौथो संशोधनबाट संशोधित २०७७